# आर्थिक वर्ष २०७६/७७ को

# बजेट बक्तव्य

थाक्रे गाँउपालिका

धादिङ जिल्ला

प्रदेश नं. ३, नेपाल

२०७६

**आदरणिय सभा अध्यक्ष महोदय,**

१) स्थानीय तहको सरकार संचालनको २ वर्ष पश्चात यो पाँचौ गरिमामय गाउँसभा आ.व. ०७६/०७७ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित ठानेको छु । नेपालको संविधानले नेपालमा संघिय लोकतान्त्रीक गणतन्त्र शासन व्यवस्थाको माध्यम द्धारा, दिगो शान्ती सुशासन, विकास र संवृद्धीको आकांक्षा पूरा गर्ने लक्ष्य लिइएकोमा समृद्ध थाक्रे गाउँपालिका र सुखी थाक्रे वासी निर्माण गर्ने अभियानमा थाक्रे गाउँपालिकाले आफ्नो क्रियाकलाप संचालन गरि रहेको छ । यसको लागि चा.लु आ.व. को अनुभव समेत वाट आगामी आ.व. ०७६/०७७ योजना तथा कार्यक्रम छनोट गरी प्रभावकारी कार्यान्वयन गर्न व्यवस्थापन सहित वजेट ब्यवस्था गरेको छु ।

२) थाक्रे गाउँसभा बैठकमा राजश्व र व्ययको अनुमान (वजेट) प्रस्तुत गर्न उभिइरहदा, नेपाललाई राष्ट्रिय स्वाधिनता, स्वाभिमान, लोकतन्त्र, दिगो शान्ती, सुशासन, विकास र सम्वृद्धीको नयाँ युगमा लैजानको लागि जन आन्दोलनका विभिन्न कालखण्डमा जिवन बलिदान गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै घाईतेहरु प्रति सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३) नेपालको संविधान अनुसार स्थानिय तहले आफ्नो अधिकार क्षेत्र भित्र रहि ऐन, नियम एवं कार्यविधी वनाउन सक्ने व्यवस्था भए वमोजिम हामिले पनि नेपालको संविधान एंव स्थानिय सरकार संचालन ऐन २०७४ को प्रावधान अनुसार थाक्रे गाउँपालिकाको लागि आवश्यक कानुन निर्माण गरि सो अनुसार कार्य सम्पादन गर्ने अभियानमा छौं ।

४) प्रस्तुत वजेट निर्माण गर्दा नेपालको संविधान, स्थानिय सरकार संचालन ऐन तथा स्थानिय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शनमा उल्लेख भएका विधि एंव प्रक्रिया अबलम्बन गरिएका छन् । विभिन्न सरोकारवालाहरु सँगको अन्तरकिया, टोल बस्ती भेलाबाट प्रस्ताव गरिएका योजना तथा कार्यक्रम छनौट भई वजेट निर्माण गर्दा थाक्रे गाउँपालिकालाई समुन्नत, सम्वृद्ध, र आत्मनिर्भर बनाउने निति, कार्यक्रम र योजनाहरुलाई प्राथमिकता दिइएको छ । दुइ वटा राष्ट्रिय राजमार्ग त्रिभुवन राजपथ र पृथ्वी राजमार्ग यसै गाउँपालिका हुदै गएका भएतापनि, अधिकांस भु-भाग विकट पहाडि भुगोल र ग्रामिण जिवन शैली रहेका कारण हामिले सम्बोधन गर्नुपर्ने विषयहरु धेरै रहेका छन् ।यद्यपी स्थानिय सरकारको उपस्थिती पश्चात नागरिकको अपेक्षा र विश्वास बढेका छन् । हामिले नागरिकको घर दैलोसम्म पुगेर सुरक्षा, विकास र अधिकारको सुनिश्चितताका लागि निरन्तर कार्य गरिरहेका छौ । हामीले छनौट गरेका योजना तथा कार्यक्रमले जनताको अपेक्षालाई संबोधन गर्ने विश्वास लिएको छु ।

५) संघीय राजधानी काठमाण्डौबाट नजिक रहेको उद्योग, खनिज, पर्यटन कृषि र व्यपारको प्रचुर सम्भावना बोकेको यो सुन्दर पहाडी नगरीको श्रोत र साधनको सुव्यवस्थित उपयोगले थाक्रे वासीको सम्वृद्धी र जिवनमा सकारात्मक परिवर्तन ल्याउन तथा गाउँपालिकाको सेवामा विशिष्टता ल्याउने गरी नीति तथा कार्यक्रम तय गर्न यो गाउँ सभा सफल रहने विश्वास लिएको छु ।

**आदरणिय सभा अध्यक्ष महोदय,**

**चालु आ.व.को नीति तथा कार्यक्रमको समिक्षा**

६) स्थानीय तहको निर्वाचन भई सरकार गठन पश्चात सेवा प्रवाहमा प्रभावकारिता बृद्धि भएको छ। जनप्रतिनिधि र कर्मचारीहरुको सामुहिक प्रयासले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण विपद व्यवस्थापन एवं सुशासन प्रवर्द्धन र क्षमता विकास तर्फ महत्वपूर्ण शुरुवात गरिएको छ । यसवाट प्रारम्भिक नतिजाहरु उत्साहप्रद्ध देखिएका छन् ।

चालु आ.व. का लागि विनियोजन भइ संचालनमा रहेका योजना बाट हाल सम्म भौतिक प्रगति तर्फ ८२.७ कि.मि. सडक स्तरोन्नती भएको, १५ कि.मि. ग्राभेलिङ भएको छ त्यस्तै नया ट्र्याक निर्माण तर्फ ३० कि.मि. निर्माण संपन्न भएको छ, खानेपानी आयोजना तर्फ ३० वटा योजनाहरु सम्पन्न भएका छन्, सामुदायीक भवन सिंचाइ अन्य सार्वजनिक निर्माण तर्फ ३५ वटा योजनाहरु र सामाजिक विकासका २७ ओटा योजना सहित अन्य योजना समेत गरी पुजिगत तर्फ ८ करोड २७ लाख २५ हजार ८ सय ५२ रुपैया खर्च भएको छ चालु तर्फ २ करोड ८० लाख ७२ हजार ४ सय ९१ रुपैया, एकानब्बे पैसा, ससर्त तर्फ ११ करोड ८२ लाख ३ हजार ४ सय ३० रुपैया सामाजिक सुरक्षा भत्ता तर्फ ५ करोड ३१ लाख ८४ हजार ८ सय खर्च भएको छ , कुल खर्च २८ करोड २१ लाख ८६ हजार ५ सय ७३ रुपैया को प्रगति हासिल भएको छ ।

हाल योजना तथा कार्यक्रमहरु संचालनमा रहेकोले सम्पूर्ण नतिजा चालु आ.व.को अन्त्य सम्ममा मात्र प्राप्त हुने व्यहोरा अनुरोध छ ।

**आदरणिय सभाअध्यक्ष महोदय,**

अव म २०७६/०७७ वजेट निर्माण गर्दा लिइएका प्राथमिकता क्षेत्र एवं आधारहरु प्रस्तुत गर्न अनुमति चाहन्छु :

७) **प्राथमिकताका क्षेत्रहरु**

१. पूर्वाधार विकास
२. कृषिमा आधुनिकरण र यान्त्रिकरण
३. शिक्षा, पर्यटन, जलश्रोत, स्वास्थ्य र व्यापारको प्रवर्द्धन तथा विकास
४. महिला, बालबालिका, अशक्त/अपाङ्ग दलित आदिवासी/जनजाति, पिछाडिएको वर्ग र अति गरिव तथा सिमान्तकृत समुदायको विकास
५. विकासमा गैर सरकारी तथा नीति क्षेत्रसँग सहकार्य र साझेदारी

८) **प्राथमिकताका आधारहरु**

यस आ.व.मा आयोजनाहरुको प्राथमिकीकरण गर्दा निम्न आधारहरु लिइएको व्यहोरा यस सम्मानित सभा समक्ष निवेदन गर्दछु ।

- आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,

- उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
- लैंगिक समानता, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,

**आदरणिय सभा अध्यक्ष महोदय,**

९) अव म गत आ.व.को यथार्थ चालु आ.व.को राजश्व र व्ययको संशोधित विवरण प्रस्तुत गर्दछु ।

गत आ.व. ०७४/०७५मा चालु खर्च तर्फ सामाजिक सुरक्षा भत्ता सहित कुल रु. १७ करोड ६४ लाख ७२ हजार २० रुपैया ६८ पैसा र पूजिँगत तर्फ कुल रु. १३ करोड ६१ लाख ७० हजार ७ सय ९० रुपैया यथार्थ खर्च भएको व्यहोरा सम्मानीत सभा समक्ष अनुरोध गर्दछु । त्यस्तै गरी चालु आ.व.को लागि रु. ६ करोड ७५ लाख रुपैया मात्र चालु खर्च र रु. ३३ करोड १३ लाख रुपैयाको पुँजिगत खर्च तथा सर्शत तर्फ १४ करोड ९१ लाख रुपैया गरि ५४ करोड ७९ लाख रुपैयाको संशोधित अनुमान पेश गरेको छु ।

**आदरणिय सभा अध्यक्ष महोदय,**

**१०)** अव म आगामि आ.व ०७६/०७७ को चालु खर्च पूजिगत खर्च शसर्त तर्फका खर्च एंव क्षेत्रगत तथा मुख्य मुख्य कार्यक्रमहरुको अनुमानित खर्च विवरण प्रस्तुत गर्दछु ।

१) आगामी आ.व ०७६/०७७ को गाउँपालिका र ११ वटा वडा कार्यालयहरुको संचालनको लागि चालु खर्च तर्फ रु. ६ करोड ७५ लाख रुपैया मात्र चालु खर्च र रु. ३३ करोड १३ लाख रुपैयाको पुँजिगत खर्च तथा सर्शत तर्फ १४ करोड ९१ लाख रुपैया गरि ५४ करोड ७९ लाख रुपैयाको अनुमानित व्यय पेश गरेको छु । जस अनुसार क्षेत्रगत रुपमा आर्थिक विकास तर्फ रु. १ करोड ९५ लाख ७० हजार सामाजिक विकास तर्फ रु. ७ करोड ८६ लाख ९० हजार पूर्वाधार विकास तर्फ ११ करोड २४ लाख ७० हजार वातावरण तथा विपद व्यवस्थापन तर्फ ५० लाख संस्थागत विकास सेवा प्रवाह र शुसासन तर्फ रु. २ करोड १ लाख ६० हजार गरी क्षेत्रगत विनियोजन गरेको छु

२) उपरोक्त अनुसारको विनियोजन भएको व्यय रकम वेहोर्ने श्रोत तर्फ देहाय बमोजिम रहने अनुमान गरेको छु ।

क) केन्द्रीय सरकार (सघं) वाट वित्तिय समानिकरण अनुदान रु. १६ करोड ३४ लाख
ख) प्रदेश सरकार तर्फ वाट वित्तिय समानिकरण अनुदान रु. १ करोड २० लाख
ग) केन्द्रीय सरकार (सघं) वाट शशर्त अनुदान रु. १४ करोड ९१ लाख
घ) प्रदेश सरकार वाट शशर्त अनुदान रु. १६ लाख ७७ हजार
ङ) आन्तरिक राजश्व तर्फ रु. १० करोड ५५ लाख ८२ हजार
छ) राजश्व बाँडफाँडबाट रु. ८ करोड ७५ लाख
ज) अन्य आयबाट रु. २ करोड ७० लाख

**आदरणिय सभा अध्यक्ष महोदय,**

१) आगामी आ.व.मा संचालन हुने खुख्य मुख्य कार्यक्रमहरु मध्ये कृषि तथा पशु क्षेत्रको विकासका लागि १ करोड ९५ लाख ७० हजार विनियोजन गरेको छु त्यस्तै पर्यटन क्षेत्रको सम्भाव्यता अध्ययनको लागि समेत उल्लेख्य रकम छुट्याएको छु ।

२) थाक्रे गाउँपालिका भित्र रहेका अति विपन्न परिवारलाई स्वरोजगार एवं आयआर्जनको कार्यक्रम मार्फत गरिबि निवारण नीति लिइएको छ ३ वर्ष भित्र अति विपन्न समुदायको आर्थिक अवस्थामा सुधार गर्न "गरिबका साथमा अध्यक्ष" नामक कार्यक्रमलाई निरन्तरता दिइनेछ। यस मार्फत प्रत्येक आ.व. मा कम्तीमा विपन्न घर परिवारलाई उक्त कार्यक्रममा सहभागि गराइने छ जसका लागि चालु आ.व.मा रु. ४० लाख विनियोजन गरेको छु ।

३) समग्र खेलकुद क्षेत्रको विकासको लागि वडा स्तरमा समेत खेलकुद क्लब र मैदानलाई स्तरोन्नति गरिनेछ साथै गाउँपालिका स्तरीय खेलकुद प्रगियोगिता संचालन गर्ने र जिल्ला स्थित सबै स्थानिय तह सहभागि हुनेगरी "अध्यक्षसँग खेलकुद कार्यक्रम" संचालन गरिने छ यसका लागि उल्लेख्य रकम विनियोजन गरेको छु ।

४) शिक्षण संस्थाहरुलाई प्रदान गरिएको पूर्वाधार विकास वाहेक शिक्षा क्षेत्र विकास एवं सुदृढिकरणका लागि २ करोड विनियोजन गरेको छु त्यस्तै स्वास्थ्य क्षेत्रको लागि रु. ५७ लाख १३ हजार,सार्वजनिक निर्माण तर्फ लागि ९ करोड ९२ लाख ७० हजार र विपद् व्यवस्थापनको लागि ५० लाख छुट्याएको छु ।

५) आगामी ३ वर्ष भित्र थाक्रे गाउँपालिका भित्रका सबै जनतालाई पाईपवाट खानेपानी खुवाउने व्यवस्था मिलाईने छ यसको लागि आगामि आ.व. मा रु. २ करोड ४५ लाख त्यस्तै महिला जनजाती तथा दलितका लागि रु.१ करोड ४ लाख ९० हजार रुपैया विनियोजन गरेको छु ।

६) सुशासन प्रवर्द्धन गर्न वडा स्तरमा संचालनहुने कार्यक्रमहरुको पारदर्शिताका लागि व्यवस्थापन मिलाइने छ । र सबै कार्यक्रमहरुको अनुगमन, सार्वजनिक सूनुवाई, सामाजिक परिक्षण जस्ता कार्यलाई प्रभावकारी बनाईनेछ । नीति योजना कार्यक्रम बजेट तयारीको क्रममा रातदिन खटिने कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप चालू आ.व. मा एक महिनाको तलब भत्ता दिने र विषयगत शाखा र वडामा कार्यरत कर्मचारीलाई आधा महिनाको तलब भत्ता प्रदान गर्ने व्यवस्था मिलाएको छु । कर्मचारीहरुको मनोबल उच्च राखी सदाचार, ईमान्दार, लगनशिल बनाई समृद्ध थाक्रे बनाउने अभियान सफल पार्न आगामी आ.व. मा कर्मचारीहरुलाई प्रोत्साहित गर्ने व्यवस्था बजेटमा मिलाएको छु ।

**आदरणिय सभा अध्यक्ष महोदय,**

**१२)** वजेट तर्जुमाको क्रममा निर्देशन गर्नु हुने गाउँपालिकाका आदरणिय अध्यक्ष प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यस्तै गरी राय सल्लाह सुझाब दिने यस क्षेत्रका माननिय संसदहरु, जि.स.स. का सभापति, सबै राजनैतिक दलका स्थानिय प्रमुखहरु, सरकारी, गैर सरकारी क्षेत्रका प्रमुखहरु तथा जनप्रतिनिधिहरु, व्यवसायी, शिक्षक, कर्मचारी, संचारकर्मी सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छु । योवजेट कार्यक्रमा सबैको रचानात्मक सहयोग, सुझाब र समन्वय को अपेक्षा गर्दछु । साथै, यो वजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने आशा व्यक्त गर्दछु ।

धन्यवाद !

**<u>प्रस्तुत कर्ता</u>**

अम्बिका रुपाखेती पौडेल
उपाध्यक्ष
थाक्रे गाउँपालिका